

**छैन जात्राको रौनक**

राजधानीको स्वयम्भूनाथ परिसरमा एक महिने गुंला पर्वको अवसरमा धिमे बाजा बजाउँदै नेवार समुदाय । कोभिड-१९ का कारण यो वर्ष विषेश गुंला बाजा भने बजाउन रोकिएको छ ।

*तस्वीरः सुनिल शर्मा/हिटा*

# मजदुरका आँसुले पग्लिएन उपभोक्ता समितिको मन

**गोकर्णप्रसाद भण्डारी**
**दोलखा, १८ साउन**

गाउँमा सांसदले पारेको विकास, त्यसमा पनि आफ्नै घर जाने बाटो, पैसा आउने आशामा काम गर्न लागियो तर पैसा भने दिएनन् । यो एक बहादुर खत्रीको मात्र नभई उहाँजस्तै करिब दुई सय कामदारको सामूहिक गुनासो हो । उमेरले ६३ वर्ष कटाउनुभएका खत्री पारिश्रमिक पाउने आशाले गाउँकै पिखुती-मानेडाडाँ सडक स्तरोन्नतिको कार्यमा सहभागी हुनुभएको थियो ।

गाउँको सडक स्तरोन्नति हुने र गाउँमै रोजगारी पाउने भएपछि उत्साहित भएर उहाँ सडक सोलिङ, ग्याबिन, मेसिनरी वाल निर्माण लगायतका काममा खटिनुभयो । तर, सडक स्तरोन्नति सम्पन्न भएको करिब महिना बितिसक्दा पनि उहाँले पारिश्रमिक पाउनुभएको छैन ।

बागमती प्रदेश सरकारको सांसद विकास कार्यक्रमअर्न्तगत विशाल खड्काको क्षेत्रको गौरीशंकर गाउँपालिका-३ मा रहेको सडक पिखुती-मानेडाँडा सडकको स्तरोन्नतिमा सहभागी श्रमिकको गुनासो हो । उपभोक्ता समितिले गाउँलेलाई राम्रो ज्याला दिने भनेर काममा लगाएको तर काम सम्पन्न भएपछि विभिन्न बहाना बनाएर ज्यालाबापतको रकम नदिएको उहाँको दु:खेसो छ । अन्य समूहका कामदारलाई बढी ज्याला दिए पनि उपभोक्ता समितिले भने रकम नपुगेको भन्दै भुक्तानीमा आलटाल गरेको उहाँको भनाइ छ ।

अर्का कामदार तथा स्थानिय रामकृष्ण पाण्डे भन्नुहुन्छ 'खेती लगाउने समयमा सडकको काम गरियो । भने अनुसारको काम सम्पन्न भयो, तर पारिश्रमिक दिने बेलामा विभिन्न बहाना बनाएर उपभोक्ता समिति पन्छिन खोजिरहेको छ ।'

लकडाउनको समयमा पनि ज्यानको बाजी लगाएर काम गरेको तर ज्याला नपाउँदा मिहिनेत खेर गएको कामदारको गुनासो छ । त्यस्तै अर्का कामदार राजेश खत्रीले भन्नुभयो 'दु:ख र मिहिनेतले काम गरियो तर ज्याला उपभोक्ता समितिले दिएन । अबको केही दिनभित्र नदिए हामी कानुनी उपचार खोज्न बाध्य हुनेछौं । अनि प्रष्ट हुनेछ, उपभोक्ता समितिले कति अनियमितता र भष्ट्राचार गरेको छ भन्ने कुरा' ।

सडकको काम सम्पन्न भएपछि अनुगमन समितिले अनुगमन गरी उपभोक्ता समितिलाई भुक्तानीसमेत दिइसकेको छ । सांसद विकास कोषको ५० लाख रुपैयाँमध्ये ३७ लाख रुपैयाँ सडक स्तरोन्नतिमा खर्च गरिएको छ । सडक स्तरोन्नतिको काममा गाउँका प्रत्यक्ष लाभान्वित हुने ६ सय मानिसहरू सहभागी भएका थिए । ६ समूह बनाएर सडक स्तरोन्नति गरिएको थियो । ३ समूहलाई भने यस अघि नै ज्याला दिइएको छ । तर, बाँकी समुहका २ सय भन्दा बढीले पाउनुपर्ने ६ लाख २८ हजार रुपैयाँ अझै पाउन सकेका छैनन् । करिब ६ सयभन्दा बढी स्थानीय बासिन्दाहरूको सहभागितामा २३ जेठ प्राविधिकको स्टिमेटअनुसार सडक स्तरोन्नतिको काम सुरु भई असार २५ गते सम्पन्न भएको थियो ।

सडक स्तरोन्नतिको काम सम्पन्नसँगै गाउँमा गाडी सञ्चालन गर्न सहज हुने भन्दै खुसी भएका स्थानीय कामदार पारिश्रमिक नपाएपछि आक्रोशित भएका हुन् । उनीहरूले गाउँपालिकामा पारिश्रमिक नपाएको भन्दै लिखित निवेदन पनि दिएका छन् ।

एता, गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत प्रदीप खड्काले सडक स्तरोन्नतिको कामको अनुगमन गरी भुक्तानी दिइसकिएको भए पनि कामदारले भुक्तानी नपाउनु दु:खद रहेको प्रतिक्रिया दिनुभयो । उपभोक्ता समितिले काम गरेबापत ज्याला नदिएको भन्ने कुरा उपभोक्ता समिति र कामदारको विषय भएको र यसमा गाउँपालिकाको कुनै सरोकार नरहने उहाँको भनाइ छ ।

उपभोक्ता समितिका अध्यक्ष अनिलकुमार खड्का भने डोजर लगाउँदा गाउँपालिकाबाट पैसा घटेर आएकाले कामदारलाई पारिश्रमिक दिन नसकिएको बताउनुभयो । उहाँको अध्यक्षतामा गठिन उक्त समितिमा आठ जना सदस्य रहेका छन् । घाटा लागेमा रकम समितिले बेहोर्ने भनिए पनि समितिका अन्य पदाधिकारी बैठकमै नआउने गरेको उहाँको भनाइ छ । सहमति पालनमा समितिका पदाधिकारीहरू पन्छिन खोज्दा समस्या पैदा भएको अध्यक्ष खड्काले बताउनुभयो ।

यता, स्थानीयवासीले भने समितिको काममा गम्भीर छानबिन हुनुपर्ने आवाज उठाउँदै आएका छन् । यस विषयमा गाउँपालिकाका प्रमुख सोयम बहादुर खड्काले उपभोक्ता समितिको नाफा र घाटासँग कुनै सरोकार नभएको तर कामदारले आगामी ७ दिनभित्र भुक्तानी नपाए आफूहरू कारबाहीमा उत्रिने प्रतिबद्धता जनाउनुभयो ।

# जनकपुरधाममा सोमबार मध्यरातदेखि कर्फ्यु

**पुरन साह**
**जनकपुरधाम, १८ साउन**

प्रदेश-२ को अस्थायी राजधानी जनकपुरधाममा सोमबार मध्यरातदेखि निषेधाज्ञा (कर्फ्यु) जारी गरिएको छ । धनुषाका सिडिओ प्रेमप्रसाद भट्टराईले सोमबार राति १२ बजेदेखि लागू हुनेगरी एक साताका आगामी आइतबार राति १२ बजेसम्मका लागि निषेधाज्ञा जारी गर्ने निर्णय भएको जानकारी दिनुभयो । जनकपुरधाम उपमहानगरपालिका र क्षिरेश्वरनाथ नगरपालिकाको निश्चित क्षेत्रभित्र निषेधाज्ञा अदेश जारी गरिएको हो ।

कोरोना संक्रमितको संख्या दिन-प्रतिदिन बढ्दै गएपछि निषेधाज्ञा जारी गर्ने निर्णय गरिएको उहाँले जानकारी दिनुभयो । उहाँका अनुसार स्थानीय प्रशासन ऐन,२०२८ को दफा ६ (३) र संक्रामक रोग ऐन २०२० को दफा २ बमोजिम जिल्ला सुरक्षा समितिको निर्णयअनुसार जनकपुरधाम उपमहानगरपालिकाभर निषेधाज्ञा जारी गरिएको छ । अत्यावश्यक कामबाहेक बिना पास घरबाट बाहिर निस्किए कारबाही गरिने उहाँको भनाइ छ ।

निषेधाज्ञाको समयमा औषधि पसल, अस्पताल तथा स्वास्थ्य केन्द्र, एम्बुलेन्सलगायत सञ्चालनमा रहने जनाइएको छ । धनुषामा एक जनाको कोरोनाले मृत्यु भएको छ भने उच्च अदालत जनकपुरका एक न्यायाधीश, प्रादेशिक अस्पताल जनकपुरधामका तीन नर्स, सामाजिक विकास मन्त्रालयका तीन कर्मचारीसहित सयौं व्यक्तिमा कोरोना पुष्टि भइसकेको छ ।

विष्णु गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
सिमरा, सर्लाही
प्रदेश नं.२, नेपाल

**सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मिति २०७७/०४/१९ गते)**

प्रस्तुत विषयमा यस विष्णु गाउँपालिकामा संचालित रोजगार सेवा केन्द्र तथा सूचना प्रविधि शाखाको लागि सेवा करारमा कर्मचारी पदपूर्ति गर्नुपर्ने भएकाले तोकिएको न्यूनतम योग्यता पुगेका ईच्छुक नेपाली नागरिकले सूचना प्रकाशन गरेको मितिले १५ दिन भित्र रित पूर्वक निवेदन दिनुहुन अनुरोध छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | माग संख्या |
|---|---|---|---|---|
| १ | BRM/01/2077-78 | सूचना प्रविधि अधिकृत | स्थानीय सेवाको अधिकृत छैठौ तह सरह | १ |
| २ | BRM/02/2077-78 | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौ तह सरह | १ |

१. **पद :- सुचना प्रविधि अधिकृत**

**क) आवश्यक न्यूनतम योग्यता**

- कम्प्यूटर ईञ्जिनियरिङ्गमा स्नातक वा इलेक्ट्रोनिक ईञ्जिनियरिङ्गमा स्नातक वा इलेक्ट्रिकल र इलेक्ट्रोनिक्स ईञ्जिनियरिङ्गमा स्नातक वा इलेक्ट्रोनिक्स र कम्यूनिकेशन ईञ्जिनियरिङ्गमा स्नातक उर्तिण

**ख) उमेर :-** कम्तिमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको

**ग) छनौटको किसिम :-** प्रारम्भिक योग्यताको सूची प्रकाशन, लिखित, प्रयोगात्मक र मौखिक परीक्षा

**घ) आवेदन दस्तुर :-** १००० (एक हजार)

**ङ) आवश्यक कागजातका प्रतिलिपिहरु**

- नेपाली नागरिकता र न्यूनतम योग्यताको लब्धाङ्क तथा चारित्रिक प्रमाण पत्र

**च) तलव स्केल :-** प्रचलित कानुन बमोजिम

२. **पदः- प्राविधिक सहायक**

**क) आवश्यक न्यूनतम योग्यता**

- सिभिल ईञ्जिनियरिङ्गमा प्रमाणित प्रमाणपत्र तह वा ओभरसियर वा डिप्लोमा तह उर्तिण भएको
- कम्तिमा ३ महिने तालिम लिई आधारभूत कम्प्यूटर सीप भएको
- पूर्वाधार निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विष्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तिमा ६ महिनाको अनुभव भएको

**ख) उमेर :-** कम्तिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको

**ग) आवेदन दस्तुर :-** ७०० (सात सय)

**घ) छनौटको किसिम :-** प्रारम्भिक योग्यताको सूची प्रकाशन र लिखित परीक्षा

**ङ) आवश्यक कागजातका प्रतिलिपिहरु**

- नेपाली नागरिकता, न्यूनतम योग्यताको लब्धाङ्क तथा चारित्रिक प्रमाण पत्र र अनुभव खुल्ने कागजात

**च) तलव स्केल :-** प्रचलित कानुन बमोजिम

**प्रमुख प्रशासकीय अधिकृत**

# सरुवामा विभेद गरिएको भन्दै बर्दियाका शिक्षक आन्दोलित

**दीपककुमार शर्मा**
**बर्दिया, १८ साउन**

आफैंले बनाएको शिक्षक व्यवस्थापन कार्यविधि तथा शिक्षा नियमावलीको विरुद्धमा गएको भन्दै बर्दिया ठाकुरबाबा नगरपालिकाका शिक्षक आन्दोलित भएका छन् ।

क्रियाशील अवस्थामा रहेको शिक्षा ऐन २०२८ तथा शिक्षा नियमावली २०५९ एंव ठाकुरबाबा नगरपालिकाको नगर शिक्षा ऐन २०७५ र शिक्षक व्यवस्थापन कार्यविधि २०७५ को प्रावधानविपरीत शिक्षकको सरुवा गरिएको भन्दै ठाकुरबाबा नगरपालिकाको शिक्षा शाखामा तालाबन्दी गरिएको छ ।

शिक्षासम्बन्धी ऐन, नियम र सम्पूर्ण प्रावधानलाई लत्याउँदै, स्वैच्छाचारी ढंगले पूर्वाग्रह राखेर सुरुवाको काम भएकाले आन्दोलन गर्नुपरेको नेपाल शिक्षक संघ ठाकुरबाबा नगरपालकाका नगर समितिका अध्यक्ष खडकप्रसाद उपाध्यायले बताउनुभयो ।

शिक्षक सरुवासम्बन्धी एजेण्डा शिक्षा समितिमा छलफल नगरी शिक्षकका पेशागत संगठन विचको विगतको सहमतिबेगर सरुवा गरिएको भन्दै आफूहरूले बाध्य भएर नगरपालिकाको शिक्षा शाखामा तालाबन्दी गरिएको शिक्षकहरूको भनाइ छ ।

यस विषयमा विवाद आएपछि शिक्षकहरूसँग समन्वय छलफल गरी देखिएको विवादको समस्या समाधान गर्नका लागि शिक्षा समितिको बैठक बसी निष्कर्षमा पुगिने ठाकुरबाबा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामहरि रिजालले बताउनुभयो ।

## कोरोना...

विश्व स्वास्थ्य संगठनले समेत आरडिटी परीक्षणमा मान्यता नदिँदासमेत स्वास्थ्य मन्त्रालयले भने आरडिटी परीक्षण गर्न किट खरिद गरेर सुरु गरेको थियो ।

यस्तै, काठमाडौंको रामशाहपथस्थित महानगरीय ट्राफिक प्रहरी महाशाखामा सेवाग्राहीको प्रवेशमा पूर्ण रोक लगाउँदै 'लकडाउन' गरिएको छ । शुक्रबार दुई जना ट्राफिक प्रहरीमा कोरोना संक्रमण पुष्टि भएसँगै बग्गीखानाको ब्यारेकभित्र रहेकाहरूलाई क्वारेन्टिनमा राखिएको छ । सो क्षेत्रमा पनि आवतजावत पूर्ण निषेध गरिएको महाशाखाका प्रमुख एसएसपी भीमप्रसाद ढकालले जानकारी दिनुभयो । 'लकडाउन गरेसँगै सेवाग्राहीलाई पनि बग्गी खानाभित्र प्रवेशमा पूर्ण रोक लगाएका छौं,' एसएसपी ढकालले भन्नुभयो, 'भित्र रहेका सबैको चार-पाँच दिनमा पिसिआर सकिएपछि मात्रै सेवा सुचारु होला ।' बग्गीखानाभित्र डिसइन्फेक्ट गर्ने कार्य जारी छ । ब्यारेकभित्र ३०२ जना प्रहरी कर्मचारी रहेको एसएसपी ढकालले जानकारी गराउनुभयो ।

## सरकार नयाँ...

देखिएका ठाउँबाट समेत मानिसहरू काठमाडौंमा आउँदा जोखिम बढेको बताउनुभयो । काठमाडौं उपत्यकाका नाकाहरूमा परीक्षण गर्दा संक्रमण देखिनुले यसलाई पुष्टि गरेको उहाँले बताउनुभयो । उहाँले संक्रमण बढी देखिएका जिल्लाहरूलई अनुगमन र मूल्यांकन गरी कडाइ गर्ने र जिल्लास्तरीय लकडाउनलाई कार्यान्वयन गर्ने कुरामा सरकारले जोड दिएको बताउनुभयो ।

वीरगञ्जमा देखिएको संक्रमणको स्थिति हेर्दा त्यहाँ सिल गरेर जानुपर्ने र आवतजावतलाई पूर्णरूपमा बन्द गर्नुपर्ने भएको छ । त्यस्तै, काठमाडौंका विभिन्न नाकामा स्वाब संकलन गरिएकाहरूमा पनि संक्रमण देखिएकाले काठमाडौंभित्र आउने सबैलाई होम क्वारेन्टिन अथवा स्थानीय क्वारेन्टिनमा अनिवार्य बस्नुपर्ने व्यवस्था गरिने बताउनुभयो । उच्च जोखिम भएका स्थानमा नीतिगत निर्णयहरू मात्र गरेर नभई सामग्रीहरूको उपलब्धतामा समेत सकारले ध्यान दिएको मन्त्री ढकालले बताउनुभयो । जनशक्ति र अन्य व्यवस्थापनको काममा काबुभन्दा बाहिर जान नदिन सरकारले काम गरिरहेको उहाँको भनाइ छ ।

## सरकार साच्चै...

यसअघि उहाँ कोरोनाको महामारी नियन्त्रण र रोकथाममा सरकारको प्रयास कमजोर भएको भन्दै पहिलो पटक ललितपुरको पाटनस्थित कृष्ण मन्दिरमा सत्याग्रहमा बस्नुभएको थियो ।

गत असार २२ गते सरकारसँग १२ बुँदे सहमति भएपछि उहाँले असार २३ गते सत्याग्रह तोड्नुभएको थियो । सरकार र 'इनफ इज इनफ' अभियानबीच विदेशबाट आएका व्यक्तिलाई पाँच दिन क्वारेन्टिनमा राखेपछि मात्रै परीक्षण गरेर इच्छाअनुसार होम क्वारेन्टिन वा होटल क्वारेन्टिन वा सार्वजनिक क्वारेन्टिनमा बस्ने या राख्ने व्यवस्था गर्ने सहमति भएको थियो । होम क्वारेन्टिनको निर्देशिका एक हप्ताभित्र तयार पार्ने सहमति भएको थियो ।

यस्तै, जोखिममा रहेका सबै (लक्षण देखिएका र नदेखिएका पनि)को राज्यको नीतिअनुसार पिसिआर परीक्षण गर्नेगरी हालको निर्देशिका हप्ता दिनभित्र परिमार्जन गर्ने, आरडिटीको प्रयोग स्थगित गर्ने, क्वारेन्टिन र होल्डिङ सेन्टरमा समयका आधारमा छुट्याएर राख्ने व्यवस्था गर्ने, क्वारेन्टिनमा रहेकाहरूको अनिवार्य रूपमा पिसिआर परीक्षण गर्ने र नेगेटिभ देखिए मात्रै घर पठाउने लगायतका सहमतिहरू भएका थिए । तर, सरकार आफैंले गरेको लिखित सहमति कार्यान्वयन गर्न अनिच्छुक देखिएपछि अभियन्ता 'ई' १६ दिनअघि फेरि सत्याग्रहमा बस्नुभएको थियो ।

## पर्यटन...

बन्द हुन सक्ने उहाँले बताउनुभयो । स्थानीयहरूको सहभागिता नभए जतिसुकै स्रोतको व्यवस्थापन भए पनि जात्रा गर्न नसकिने उहाँले बताउनुभयो ।


कांग्रेसका प्रदेश सांसद नरोत्तम वैद्यले स्थानीयहरूलाई सहभागी नगराई गुरुयोजना बनाइएप्रति आक्रोश व्यक्त गर्नुभयो । गुरुयोजनामा धेरै विषयहरू छुटेकाले सरोकारवालाहरूको सहभागितामा बनाउनुपर्ने बताउनुभयो । उहाँले गुरुयोजनालाई 'निबन्ध जस्तो छ । पुलिन्दा जस्तो छ ।' भनेर टिप्पणी गर्नुभयो ।

मन्त्री भट्टराईले पशुपति क्षेत्रमा हुने जात्रा र पर्वहरू सञ्चालनका लागि अक्षयकोषको स्थापना गर्नुपर्ने बताउनुभयो । छलफलमा मन्त्री भट्टराईले १० करोडको अक्षयकोष निर्माणका लागि प्रस्ताव गर्नुभयो । ५० प्रतिशत रकम पशुपति क्षेत्र विकास कोषबाट र ५० प्रतिशत रकम महानगरपालिकाले व्यहोर्ने गरी अक्षयकोष स्थापना गर्नुपर्ने उहाँले बताउनुभयो ।

तत्कालका लागि गुरु योजनाको काम स्थगित भएको छ । छलफलपछि एक महिना गुरुयोजनाको काम स्थगित गरेर सरोकारवाला निकायसँग छलफल गर्नका लागि तीन सदस्यीय समिति गठन गरिएको छ । समितिलाई एक महिनाभित्र सरोकारवाला, स्थानीय, सम्बन्धित क्षेत्रका विज्ञ एवं इतिहासविद् र संस्कृतिविद्हरूसँग छलफल गरेर प्रतिवेदन बुझाउन भनिएको छ । गत पुस १९ गते कोषको बैठकले पारित गरेको गुरुयोजनामा पशुपति क्षेत्रभित्रका पुराना बस्तीहरू उठाउनेसम्मको योजना समेटिएपछि स्थानीयहरू आन्दोलनमा छन् ।

## तपाईको भाग्य

*आज मिति २०७७ साल साउन शुक्लपक्ष १८ गते सोमबार पूर्णिमा तिथि सूर्योदय ५:२९ सूर्यास्त १८:५०, पूर्णिमा व्रत , जनै पूर्णिमा (ऋषितर्पणी) रक्षाबन्धन ।*



**ज्योतिषाचार्य रोदना घिमिरे**
उपप्राध्यापक, वाल्मिकी विद्यापीठ

**मेषः** कामममा सफलता मिल्ने तथा स्वास्थ्यमा सुधार हुनेछ ।

**वृषः** मान्यजनको आशीर्वादले सोचेका कामहरू पूरा हुनेछन् ।

**मिथुनः** अनावश्यक विवादका कारण चिन्ताले सताउनेछ ।

**कर्कटः** व्यापार तथा व्यवसायबाट राम्रो आम्दानी हुनेछ ।

**सिंहः** कार्य सफल हुनाले सम्मानित हुने अवसर प्राप्त हुनेछ ।

**कन्याः** विद्या, बुद्धिको विकास हुनाले मन हर्षित हुनेछ ।

**तुलाः** परिवारमा मनमुटाव हुनाले मानसिक चिन्ता बढ्नेछ ।

**वृश्चिकः** साथी सहकर्मीहरूसँगको जमघटले गर्दा र माइलो हुनेछ ।

**धनुः** अध्ययन अध्यापनमा विषेश रुचि बढ्न सक्नेछ ।

**मकरः** अन्न तथा द्रव्यको लाभ हुन सक्नेछ ।

**कुम्भः** आफूले गरेका कामहरू बिग्रने तथा संकटको स्थिति आउनेछ ।

**मीनः** अतिथिजनको सेवा गर्ने अवसर प्राप्त हुनेछ ।